# नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)

युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाडौं ।

## कार्यसम्पादन मूल्यांकनद्वारा हुने बढुवा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७३।११।१५ गते

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) मा रिक्त रहेका देहाय बमोजिमका पदहरु कार्यसम्पादन मूल्यांकनद्वारा बढुवा गर्नुपर्ने भएकोले नेपाल स्टक एक्सचेन्ज लिमिटेड कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीको विनियम २२ बमोजिम योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र (दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाणपत्र सहित नेप्सेबाट निर्धारित दरखास्त फाराम भरी नेप्से पदपूर्ति समितिको सचिवालय (प्रशासन शाखा)मा दरखास्त दर्ता गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कार्वाही गरिने छैन । दरखास्त फाराम नेप्सेको वेबसाइट www.nepalstock.com.np बाट डाउनलोड गर्न सकिनेछ ।

| विज्ञापन नं. | पद | तह | पदपूर्ति गर्नुपर्ने संख्या |
|---|---|---|---|
| १/०७३-७४ | नायब कार्यकारी अधिकृत (प्र.) | ११ | १ (एक) |
| २/०७३-७४ | प्रबन्धक (प्र.) | १० | १ (एक) |
| ३/०७३-७४ | उप प्रबन्धक (प्र.) | ९ | ३ (तीन) |
| ४/०७३-७४ | सहायक प्रबन्धक (प्र.) | ८ | ३ (तीन) |
| ५/०७३-७४ | सहायक आइटी प्रबन्धक (प्रा.) | ८ | १ (एक) |
| ६/०७३-७४ | वरिष्ठ अधिकृत (प्र.) | ७ | ७ (सात) |
| ७/०७३-७४ | अधिकृत (प्र.) | ६ | ९ (नौ) |
| ८/०७३-७४ | आइटी अधिकृत (प्रा.) | ६ | २ (दुई) |

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)

युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाडौं ।

## खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७३।११।१५ गते

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) मा रिक्त रहेका देहाय बमोजिमका पदहरु खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन भित्र नेप्सेबाट निर्धारित दरखास्त फाराम भरी नेप्से पदपूर्ति समितिको सचिवालय (प्रशासन शाखा)मा दरखास्त दर्ता गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कार्वाही गरिने छैन । दरखास्त फाराम, विज्ञापन र पाठ्यक्रम नेप्सेको वेबसाइट www.nepalstock.com.np बाट डाउनलोड गर्न सकिनेछ ।

**क) आन्तरिक प्रतियोगिता तर्फः**

| विज्ञापन नं. | पद | तह | माग पद संख्या | आवश्यक न्युनत्तम योग्यता |
|---|---|---|---|---|
| ९/०७३-७४ | प्रबन्धक | १० | १ (एक) | सम्बन्धित तहको लागि आवश्यक न्युनत्तम शैक्षिक योग्यता प्राप्त गरेको र एक तह मुनिको पदमा कम्तीमा तीन बर्ष सेवा गरेको । |
| १०/०७३-७४ | उप प्रबन्धक | ९ | २ (दुई) | |
| ११/०७३-७४ | सहायक प्रबन्धक | ८ | २ (दुई) | |
| १२/०७३-७४ | वरिष्ठ अधिकृत | ७ | २ (दुई) | |

**ख) खुला प्रतियोगिता तर्फः**

| विज्ञापन नं. | पद | तह | किसिम | माग पद संख्या |
|---|---|---|---|---|
| १३/०७३-७४ | सहायक प्रबन्धक (प्र.) | ८ | खुला | १ (एक) |
| १४/०७३-७४ | बरिष्ठ अधिकृत (प्र.) | ७ | खुला | १ (एक) |
| १५/०७३-७४ | बरिष्ठ अधिकृत (प्र.) | ७ | महिला | १ (एक) |
| १६/०७३-७४ | अधिकृत (प्र.) | ६ | खुला | ८ (आठ) |
| १७/०७३-७४ | अधिकृत (प्र.) | ६ | महिला | २ (दुई) |
| १८/०७३-७४ | अधिकृत (प्र.) | ६ | आ.ज. | २ (दुई) |
| १९/०७३-७४ | अधिकृत (प्र.) | ६ | मधेशी | १ (एक) |
| २०/०७३-७४ | अधिकृत (प्र.) | ६ | दलित | १ (एक) |
| २१/०७३-७४ | आइटी अधिकृत (प्रा.) | ६ | खुला | २ (दुई) |
| २२/०७३-७४ | आइटी अधिकृत (प्रा.) | ६ | महिला | १ (एक) |

१. **दरखास्त दिने स्थानः** नेपाल स्टक एक्सचेन्ज, पदपूर्ति समितिको सचिवालय, भद्रकाली प्लाजा, काठमाडौं ।
२. **दरखास्त बुझाउने समयः** विहान ११.०० बजे देखि दिनको ४.०० बजेसम्म ।
३. **दरखास्त दस्तुरः** आन्तरिक प्रतियोगिताको लागि रु.१०००/-, खुला प्रतियोगितातर्फ तह ८ को लागि रु.१२००/, तह ६ र ७ को लागि रु.१०००/- । एक उम्मेदवारले एकै पदको खुला तथा समावेशी समूहमा सहभागी हुने भएमा प्रत्येक समूहका लागि थप रु.२००/- । परीक्षा दस्तुर **ग्लोबल आइएमई बैंकमा रहेको नेपाल स्टक एक्सचेन्ज(नेप्से)को खाता नं. ७५०१०१००००७७५** मा जम्मा गरेको सक्कल भौचर दरखास्त फारामका साथ संलग्न गर्नुपर्नेछ ।
४. उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष उमेर पुरा भै पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । नेप्सेका वहालवाला स्थायी कर्मचारीको हकमा उमेर हद लाग्ने छैन ।

**५ आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

(क) प्रशासन तर्फको पदको लागि नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट धितोपत्र बजार, पूंजी बजार, व्यवस्थापन, वित्त, अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यापार प्रशासन, कानून वा इन्जिनियरिङमा कम्तिमा स्नात्तकोत्तर वा चाटर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको ।

(ख) प्राविधिक समूह तर्फको पदका लागि सूचना प्रविधि, इन्जिनियरिङ वा सम्बन्धित विषयमा कम्तिमा स्नातक उपाधि हासिल गरेको ।

(ग) नेप्सेको स्थायी सेवामा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको र सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरेको कर्मचारीले प्रशासन तर्फको पदको लागि आवेदन गर्न सक्नेछ ।

६. **<u>कार्य अनुभव:</u>** तह सात र सोभन्दा माथिको पदमा खुला प्रतियोगितामा सहभागी हुने उम्मेदवारले सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सरकारी सेवा वा निजामती सेवा, विश्वविद्यालय, सामूदायिक विद्यालय वा नेपाल सरकारको ५० प्रतिशत वा सोभन्दा बढी सेयर वा जायजेथामा स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, समिति वा प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्था प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्था वा नेप्सेमा सुचीकृत कम्पनीमा पाँच वर्ष अधिकृत स्तरमा अविच्छिन्न सेवा गरेको हुनु पर्नेछ ।

७. **परीक्षाको किसिमः** प्रयोगात्मक, लिखित र अन्तर्वार्ता । प्रशासनतर्फ लिखित र अन्तर्वार्ता मात्र ।

८. **दरखास्तसाथ पेश गर्नुपर्ने कागजातः** निम्न लिखित कागजात उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (न्युनतम शैक्षिक योग्यताको मात्र),चारित्रिक प्रमाणपत्र ।

(ग) विदेशी शिक्षण संस्थाबाट प्रमाणपत्र पाएका उम्मेदवारको हकमा समकक्षताको प्रतिलिपि ।

(घ) हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो ।

(ङ) आन्तरिक प्रतियोगिताको लागि हालको पदमा नियुक्ति भएको प्रमाणको प्रतिलिपि समेत ।

९) **खुला प्रतियोगिताको परीक्षणकालः** एक वर्ष, महिलाको हकमा ६ महिना ।

१०) **तलब र सुविधाः** नेप्सेको नियम अनुसार ।

११) दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यस्तो बिदा पछि कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिनेछ ।

**१२) खुला तथा आन्तरिक प्रतियोगिताको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।**

१३) लिखित परीक्षा सम्बन्धी कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

१४) विज्ञापन रद्द भएको अवस्थामा बाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन ।

१५) समावेशीतर्फ दरखास्त दिने उम्मेदवारहरुले आदिवासी/जनजाति भएमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट, दलित भएमा राष्ट्रिय दलित आयोगबाट, मधेशी भएमा स्थानीय निकायका प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गरेको प्रमाणपत्र दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

१६) एउटा पदका लागि खुला र समावेशीतर्फ विभिन्न समूहमा आवेदन गर्दा एउटै दरखास्त फाराम भर्नुपर्नेछ । तर दरखास्त फारामको पहिलो पृष्ठ र प्रवेश पत्रमा खुला र समावेशी समूह मध्ये जुन जुन समूहका परीक्षामा सामेल हुने हो सो अनुसार चिन्ह लगाउनुपर्नेछ ।